स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मध्यपुर थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

यस मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले यहि **श्रावण १ गते देखि भदौ मसान्त** सम्ममा आ-आफ्नो वडा कार्यालयमा गई सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै आफै उपस्थित हुन नसक्ने, बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथिका व्यक्तिहरुको हकमा निजका संरक्षक मार्फत नविकरणका लागि आवेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ।

पुनश्च :-

- यदि तोकिएको समय भित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभएमा उक्त लाभग्राहीको नाम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सुचिबाट हट्नेछ।
- पुन: नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्ने हुन्छ भने सो विचको अवधिको सामाजिक सुरक्षा भत्ता पनि प्राप्त हुने छैन।
- साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नयाँ लाभग्राहीले निवेदन दिएको अर्को महिना देखिमात्र भत्ता पाउने भएकोले समयमा नै नामावलीमा सूचिकृत हुन आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरौं।

२०८०।०३।२८

तुलसी भक्त तको
सामुदायिक विकास अधिकृत

स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मध्यपुर थिमि, भक्तपुर

बागमती प्रदेश, नेपाल

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको मापदण्ड र संलग्न गर्नुपर्ने कागजात:-**

| लक्षित समुह | उपसमुह | मापदण्ड | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | ६८ बर्ष भन्दा माथि | ६८ बर्ष भन्दा माथिका सबै नेपाली नागरिक | नेपाली नागरिकता प्रमाणपत्र |
| | जेष्ठ नागरिक दलित | ६० बर्ष भन्दा माथिका राष्ट्रीय दलित आयोगमा दलित भनी सुचिकृत जाति | नेपाली नागरिकता प्रमाणपत्र र दलित जाती खुल्ने प्रमाण |
| | जेष्ठ नागरिक एकल महिला | ६० बर्ष भन्दा माथिका अविवाहित वा सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण भएको | नेपाली नागरिकता प्रमाणपत्र र अविवाहित वा सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण भएको प्रमाण |
| एकल महिला भत्ता | विधवा | पतिको मृत्यु भएको र अर्को विवाह नगरेको | नेपाली नागरिकता प्रमाणपत्र, पतिको मृत्यु दर्ता प्रमाणपत्र र अर्को विवाह नगरेको प्रमाण |
| अपाङ्गता भत्ता | पूर्ण अशक्त अपाङ्गता | पूर्ण अशक्त अपाङ्गता भएको (प्रचलित कानुन बमोजिम क बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) | नेपाली नागरिकता प्रमाणपत्र (*उमेर १६ वर्ष भन्दा माथि*) वा जन्म दर्ताको प्रमाणपत्र प्रमाणपत्र (*उमेर १६ वर्ष भन्दा मुनी*) र क बर्गको अपाङ्गता परिचयपत्र |
| | अति अशक्त अपाङ्गता | अति अशक्त अपाङ्गता भएको (प्रचलित कानुन बमोजिम ख बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) | नेपाली नागरिकता प्रमाणपत्र (*उमेर १६ वर्ष भन्दा माथि*) वा जन्म दर्ताको प्रमाणपत्र प्रमाणपत्र ( *उमेर १६ वर्ष भन्दा मुनी*) र ख बर्गको अपाङ्गता परिचयपत्र |
| बाल पोषण भत्ता | अति बिपन्न तथा क्षेत्र तोकिएका | ५ वर्ष उमेर पुरा नगरेका सम्बन्धित वडा कार्यालयमा जन्म दर्ता गराएको तथा नेपाल सरकारले क्षेत्र तोकेका जिल्ला र देशभरका दलित बालबालिका | बाबु , आमा वा संरक्षकको नागरिकताको प्रमाणपत्र र बालबालिकाको जन्म दर्ता प्रमाणपत्र |